फोनः०५६-४१०१२२/४१०१११
इमेलःichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.स.०८३/०८४
च.नं

वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि आवेदन दिने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८३/०८/१०

वैदेशिक रोजगार बोर्डको सचिवालयको मिति २०८३/०८/०४ गते प्रकाशित सूचना अनुसार श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गई मृत्यु, अंगभंग वा बिरामी भई कल्याणकारी कोषबाट वैदेशिक रोजगार बोर्डको कार्यालय बबरमहल, काठमाडौं सचिवालयमार्फत शतप्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततिलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आवश्यक कागजातसहित यस गाउँपालिकाको रोजगार, सीप तथा उधमशीलता केन्द्रमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>निवेदनसाथ पेस गर्नुपर्ने आवश्यक कागजातहरूः (नयाँ आवेदकका लागि)</u>

- निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि ।
- वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि या राहदानी खुल्ने कागजात ।
- वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएको खुल्ने प्रमाण कागजात ।
- विद्यार्थीको जन्मदर्ता प्रतिलिपि ।
- निवेदक संरक्षक र कामदारबीचको नाता प्रमाणको प्रतिलिपि ।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।
- सम्बन्धित स्थानीय तहको सिफारिस ।

<u>साविकमा प्राप्त गरिरहेका बालबालिकाका लागि</u>

- विद्यार्थीको निवेदन ।
- अध्ययनरत विद्यालयको कक्षा खुल्ने सिफारिस पत्र ।
- विद्यार्थी वा संरक्षकको बैंक खाता खुल्ने कागजातको प्रतिलिपि ।
- कामदारको राहदानीको प्रतिलिपि ।

निवेदन दिने अन्तिम मितिः २०८३ फागुन मसान्त सम्म ।

निवेदन दिने स्थानः इच्छाकामना गाउँपालिका - रोजगार, सीप तथा उधमशीलता केन्द्र।

नोटः छात्रवृत्ति फाराम सचिवालयको वेवसाइट www.feb.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

Khatri

लोक राज खत्री
प्रमुख प्रशासकीय अधिकृत

"सुखी, खुशी र समृद्ध इच्छाकामना ! कृषि, पर्यटन र पूर्वाधार विकास हाम्रो चाहना !!"

अनुसूची-२

(कार्यविधिको दफा ७ (३) सँग सम्बन्धित)

विद्यालयको सिफारिसको ढांचा

मिति : .....

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,

.....पालिका ,.....।

विषय : सिफारिस सम्बन्धमा।

उपरोक्त सम्बन्धमा वैदेशिक रोजगारीको क्रममा मृत्यु/अङ्गभङ्ग विरामी भइ बोईको सचिवालयबाट शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका तपसिल बमोजिमका छात्र/छात्राहरूलाई वैदेशिक रोजगार छात्रवृत्ति सहायता प्राप्त गर्नका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

क्र. सं.	विद्यार्थीको नाम	कक्षा	जन्म मिति	श्रमिकको राहदानी नं.	वैदेशिक रोजगारमा मृत्यु/अशक्त भएको परिवारको सदस्य	वैदेशिक रोजगारमा मृत्यु/अशक्तभएको परिवारसँगको नाता	मृत्यु वा अशक्त	कैफियत

संलग्न कागजात

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि,

(ख) छात्र/छात्रा वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नम्बर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर विरामी भएको अशक्त प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर विरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि।

नेपाल सरकार

सचिव

अनुसूची-१

(कार्यविधिको दफा ७ (१) संग सम्बन्धित)

छात्रवृत्तिका लागि दिने निवेदनको ढाँचा

मिति : .....

श्री प्रधानाध्यापकज्यू

.....

विषय : वैदेशिक रोजगार छात्रवृत्तिका लागि सिफारिस गरीलब्ध गरी पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो (बुबा/आमा) नाताको .....वैदेशिक रोजगारीका सिलसिलामा मिति ..... मा ..... देशमा मृत्यु/अङ्गभङ्ग/अशक्त बिरामी भएकाले परिवारको शैक्षिक विकासका लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त हुने छात्रवृत्ति दिलाई पाउँ भनी देहाय बमोजिमका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु:-

संलग्न कागजातहरू

(क) श्रमिकको राहदानीको निस्साको प्रतिलिपि वा राहदानी नम्बर खुल्ने कागजात,

(ख) निवेदक वा संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता नंम्बर,

(ग) श्रमिकको मृत्युदर्ताको प्रमाणपत्र वा अङ्गभङ्ग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणपत्रको प्रतिलिपि,

(घ) निवेदक र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

(ङ) श्रमिक करार अवधि भित्रै अङ्गभङ्ग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

(च) छात्र/छात्राको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,

निवेदक

नाम थर :

ठेगाना :

सम्पर्क नं. :

कक्षा :

रोल नं. :

सचिव

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं